annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक ३४६, पृष्ठ ८ | काठमाडौं, शनिबार १२ वैशाख २०८३ | वैशाख शुक्लपक्ष अष्टमी, नेपाल संवत् ११४६ | SATURDAY, APRIL 25, 2026 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०



आवरण समाचार

## २७ वर्षको 'कोमा'पछि ब्युँतिँदै म्याग्नेसाइट

सिन्धुपाल्चोकदेखि दोलखासम्म फैलिएको नेपाल ओरिन्ड म्याग्नेसाइट उद्योग २७ वर्षदेखि बन्द अवस्थामा छ। दक्षिण एसियाकै ठूलो यो म्याग्नेसाइट उद्योग पुनः सञ्चालन गर्ने तयारी सरकारले थालेपछि स्थानीयमा आशा पलाएको छ। अर्थ मन्त्रालयले उद्योगको सम्पत्ति, दायित्व र भौतिक अवस्थाको मूल्यांकन सुरु गरेसँगै सार्वजनिक-निजी साझेदारी मोडलमा सञ्चालन गर्ने योजना अघि बढाइएको छ। तर, जीर्ण संरचना, ठूलो ऋणभार र विगतको असफल प्रयासबीच उद्योग वास्तवमै पुनर्जीवित हुन्छ कि हुँदैन भन्ने प्रश्न कायमै छ।

सुन्दर शिरीष | *सिन्धुपाल्चोक*

विस्तृत पृष्ठ २

## भित्री पृष्ठ



माटो र मनका सुन्दर सेतु - पृष्ठ ३



कुहिरोले सम्झाएको जवानी - पृष्ठ ४



प्रकृति, संस्कृति, समृद्धि - पृष्ठ ५



निर्माण ठप्प, सरकार बेखबर - पृष्ठ ७

# 'भोलि उठी कहाँ जाने केही थाहा छैन'

**सुनिता कार्की** | *काठमाडौं*

काठमाडौंको थापाथली बस्ती तीन दिनदेखि तरंगित छ। प्रधानमन्त्री बालेन्द्र शाहले सुरक्षा प्रमुखहरूलाई उपत्यकाका सुकुम्बासी बस्ती खाली गर्न निर्देशन दिएपछि सुकुम्बासीलाई बासको चिन्ता थपिएको छ।

२०५१ सालदेखि थापाथलीको सुकुम्बासी बस्तीमा बस्दै आएका सुकुतेम्बा शेर्पा सम्भवतः शनिबारदेखि बस्तीमा भेटिने छैनन्। ३१ वर्षपछि शेर्पा तत्कालका लागि घरबारविहीन हुनेछन्। ०५३ सालमा बागमतीको बगरलाई सम्म्याएर बाँसको झुप्रो बनाएका शेर्पाको आधा जीवन यहीँ बित्यो। 'मलाई मेरोभन्दा परिवार र छोराछोरीको चिन्ता छ,' उनी भन्छन्, 'अब कहाँ बस्ने खाने थाहा छैन।'

समाचारमा गाइँगुइँ कुरा चले पनि अन्योलमा रहेका सुकुम्बासीहरू बिहीबार साँझ प्रहरीले माइकिङ गरेपछि भने प्रस्ट भएका छन्। उपत्यकाका सुकुम्बासी बस्तीहरूमा उज्यालो नहुँदै सामान सार्न सुरु भएको छ। थापाथली प्रसूतिगृह पछाडि त दिनभर नै बजारजस्तै लाग्यो। पत्रकार, अधिकारकर्मीदेखि सुकुम्बासी अगुवाहरूको भिड उस्तै थियो। बस्तीवरपर ढाडस दिनेहरू आए पनि यसपटक सुकुम्बासीहरू ढुक्क छैनन्। बलियो सरकार र थालेको काम कसैको कुरा नसुनी फत्ते गर्ने प्रधानमन्त्रीको शैलीका कारण सुकुम्बासीहरू थातथलो छाडेर निस्किरहेका छन्।



शुक्रबार राति अबेरसम्म पनि बस्ती छाडेर निस्कनेको हुल देखिन्थ्यो। प्रधानमन्त्रीले बुधबार साँझ सबै सुरक्षा निकायका प्रमुखहरूसँग छलफल गरी सुकुम्बासी बस्ती हटाउन निर्देशन दिएका थिए। शनिबार र आइतबार सुकुम्बासी बस्ती हटाउन निर्देशन दिएसँगै काठमाडौं प्रशासन र काठमाडौं महानगरपालिकाले सुकुम्बासीलाई बस्ती छाड्न माइकिङ गर्दै 'सूचनालाई अटेर गरी बसेको खण्डमा स्थानीय प्रशासन, प्रहरी र काठमाडौं महानगरपालिकासमेतको संयुक्त कारबाही गर्दा भत्काइने संरचना र भित्र हुने व्यक्तिगत सम्पत्तिको जिम्मेवार तपाईं आफैं हुने' चेतावनी दिएको छ। सरकारको यो चेतावनीपछि शुक्रबार काठमाडौंका खोला किनारका केही बासिन्दाले बस्ती खाली गरेका छन् भने केहीले आफ्नो अधिकार हनन भएको भन्दै सरकार विरोधी नारा लगाएका छन्।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) नेतृत्वको बहुमतको सरकार गठनको भोलिपल्ट नै प्रधानमन्त्री बालेन्द्र शाह नेतृत्वको सरकारले शासकीय सुधारका १०० कार्यसूची तयार गरेको थियो। उक्त कार्यसूचीको ९१ नम्बर बुँदामा भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासी समस्या समाधान र बुँदा नम्बर ९२ ले सार्वजनिक जग्गाको संरक्षण र अतिक्रमण नियन्त्रण गर्ने भनेको छ।

> हामी सरकारमा छौं, अतिक्रमणकारी र सुकुम्बासी छुट्याउने नै छौं। देशभरका वास्तविक सुकुम्बासीका लागि प्रक्रिया पुऱ्याएर यथाशक्य चाँडो जग्गा वितरण गर्नेछौं, वर्षौं पुरानो यो समस्याको स्थायी समाधान यो सरकारले गर्नेछ, ढुक्क हुनुहोस्।
>
> **बालेन्द्र शाह,** प्रधानमन्त्री

महानगर प्रमुख हुँदा पटकपटक प्रयास गरेर पनि सफल हुन नसकेका प्रधानमन्त्री शाह आफ्नो नेतृत्वको सरकार रहँदा अधुरा काम निम्ट्याउन लागेका छन्। पक्ष/विपक्षका आवाजले बस्ती त्रसित भइरहेका बेला शुक्रबार साँझ सामाजिक सञ्जालमार्फत प्रधानमन्त्रीले सुकुम्बासीको पहिचान गरी उनीहरूको सुरक्षित बसोबासको व्यवस्थाको जिम्मा सरकारको भएको भन्दै आफ्ना वाचा पूरा गर्ने प्रतिबद्धता जनाए।

'बिर्सनुभयो कि सम्झनुहुन्छ, हरेक वर्षको बाढीका कारण काठमाडौंका नदीकिनारमा रहेका हजारौं मानिस ज्यान मात्र जोगाएर आफ्ना सबै सामान छोड्दै भाग्नुपरेको अनि सरकारले उद्धार गर्नुपरेको दृश्य!' भन्दै प्रधानमन्त्री शाहले यो वर्षौंदेखिको समस्यालाई अब आउने वर्षका लागि थाती नराखी उहाँहरूलाई सुरक्षित रूपमा बसोबासको व्यवस्था मिलाउनुपर्छ भन्ने सरकारको सोच रहेको बताए।

प्रधानमन्त्रीले काठमाडौंका नदीकिनारमा रहेका सुकुम्बासी बस्तीहरूलाई बल प्रयोग नगरी मानवीयता र सुरक्षाका आधारमा व्यवस्थापन गरिने बताएका छन्। हरेक वर्ष बाढीको समयमा नागरिकले ज्यान जोगाउन संघर्ष गर्नुपर्ने नियतिलाई सधैंका लागि अन्त्य गर्न सरकारले सुरक्षित स्थानान्तरणको योजना अघि सारेको उनले स्पष्ट पारे।

थापाथली, गैरीगाउँ र मनोहरा लगायतका क्षेत्रमा रहेका जोखिमपूर्ण बस्तीहरूको सन्दर्भमा बोल्दै प्रधानमन्त्री शाहले अब पनि ठुलो दुर्घटना कुन दिन आउँछ भनेर कुर्दै बस्न नसकिने बताए। नागरिकको जीवनसँग खेलबाड गरेर भोटको राजनीति गर्ने परम्परा अब अन्त्य हुनुपर्नेमा जोड दिँदै उनले भने, 'नागरिकका रूपमा उहाँहरूले पाउने अधिकार त्यही अव्यवस्थित र डुबानको जोखिम भएको ठाउँमा बसिरहनु हो कि त्योभन्दा सुरक्षित ठाउँमा जानु हो? पक्कै पनि जोखिमरहित व्यवस्थापन उहाँहरूको अधिकार हो।'

» बाँकी पृष्ठ ६

# उपत्यकामा अस्वस्थकर वायु

**नितु घले** | *काठमाडौं*

हाल बढिरहेको वायु प्रदूषणको समाधान सरकारले कसरी गर्छ भन्ने विषय चासोका साथ हेरिएको छ। सरकारले आफ्नो प्रतिबद्धतामा विश्व स्वास्थ्य संगठन (डब्लूएचओ) को मापदण्डअनुसार वायुको गुणस्तर सुधार्ने वचन दिएको छ। शुक्रबार प्रधानमन्त्री कार्यालयमा प्रदूषण नियन्त्रणका विषयमा छलफल भएको वातावरण विभागले जनाएको छ।

वायुको गुणस्तरलाई हेर्ने हो भने यो साताभरि नै अवस्था निकै खराब रह्यो। वातावरण विभागका महानिर्देशक ज्ञानराज सुवेदीका अनुसार विभागसहित जल तथा मौसम विज्ञान विभाग र वन विभागले प्रधानमन्त्री कार्यालयसँग मिलेर प्रदूषण नियन्त्रणका उपायबारे छलफल गरेका हुन्। 'तत्काल के-के गर्न सकिन्छ, त्यसमा केन्द्रित हुने भन्ने कुरा छ। हालको प्रदूषण नियन्त्रण गर्न वन डढेलो रोक्नु अनिवार्य छ,' सुवेदीले भने, 'वन डढेलो लाग्नुको यकिन कारण खुल्ने गरेको छैन, ठ्याक्कै यही कारणले लाग्यो भन्ने अवस्था रहँदैन।'

सरकारले आफ्नो प्रतिबद्धतामा सामुदायिक तथा राष्ट्रिय वनको सुरक्षाका लागि उच्च सतर्कता केन्द्र स्थापना गरी ड्रोन र स्याटालाइट प्रविधिमार्फत



'रियल टाइम' निगरानी गर्ने उल्लेख गरेको छ। विपद् व्यवस्थापन तथा डढेलो विज्ञ सुन्दर शर्माले डढेलो विकराल समस्याका रूपमा बढेकाले यसलाई हेर्ने छुट्टै संस्थागत निकाय स्थापना गर्ने समय आएको बताउँदै आएका छन्। हरेक वर्ष हजारौं हेक्टर वन डढेलोको चपेटामा परिरहेको र यसले प्रदूषण बढाउन मुख्य भूमिका खेलेको शर्माको भनाइ छ। तर, सरकारले डढेलो नियन्त्रण र प्रदूषण न्यूनीकरणमा कसरी काम गर्छ भन्ने हेर्न बाँकी नै छ।

महानिर्देशक सुवेदी सरकारले डब्लूएचओको मापदण्ड पुऱ्याउने लक्ष्य राख्नुलाई सकारात्मक मान्छन्। उनले भने, 'लक्ष्य अनुरूप राज्यले स्रोत-साधन, जनशक्ति र प्रविधि परिचालन गर्नुपर्छ। वायुको गुणस्तर सुधार्न सानोतिनो लक्ष्यले पुग्दैन।'

वातावरण विभागका वातावरण निरीक्षक गोविन्दप्रसाद लामिछानेका अनुसार वायु प्रदूषण नियन्त्रणका लागि हरेक देशका आफ्नै मापदण्ड हुन्छन्। 'नेपाल सरकारको मापदण्डअनुसार २४ घण्टामा एयर क्वालिटी इन्डेक्स (एक्यूआई) ४० हुनुपर्छ। सुरुमा आफ्नै मापदण्ड प्राप्त गरेपछि मात्र अन्य अन्तर्राष्ट्रिय मापदण्डतर्फ सुधार गर्दै लैजानुपर्छ,' लामिछानेले भने।

प्रायजसो मनसुन बाहेकका समयमा उपत्यकाको प्रदूषणको अवस्था चिन्ताजनक रहने गरेको छ। यतिबेला आन्तरिक स्रोत, उद्योग सञ्चालन र डढेलोका कारण प्रदूषण बढेको हो। लामिछानेका अनुसार पश्चिम तराई तथा चुरे क्षेत्रमा लागेको डढेलोका कारण काठमाडौं, पोखरा, दाङ, सुर्खेत, मुस्ताङलगायत स्थानमा वायु प्रदूषणको तह अत्यन्त अस्वस्थकर अवस्थामा पुगेको छ।

विभिन्न मापन केन्द्रहरूले २४ घण्टामा वायुको गुणस्तर १५० देखि २०० एक्यूआईसम्म पुगेको देखाएका छन्। विशेषगरी दक्षिण सीमानातिर पनि धेरै ठाउँमा डढेलो लागेको देखिन्छ।

» बाँकी पृष्ठ ६

## राप्रपा नेता विक्रम पाण्डे पक्राउ

काठमाडौं- राप्रपाका वरिष्ठ नेता एवं पूर्वमन्त्री विक्रम पाण्डे पक्राउ परेका छन्। नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी)को टोलीले पाण्डेलाई शुक्रबार पक्राउ गरेको सीआईबीका प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक शिवकुमार श्रेष्ठले पुष्टि गरे।

सार्वजनिक खरिद अनुगमन कार्यालयको प्रणालीमा अनधिकृत पहुँच पुऱ्याई विभिन्न ठेक्काका विवरणहरू हेरफेर गरेको आरोप उनीमाथि लागेको छ। पाण्डेसँगै भीषण कन्ट्रक्सनका सञ्चालक टंककुमार श्रेष्ठलाई पनि सोही कसुरमा पक्राउ गरिएको सीआईबीले जनाएको छ।

उनीहरूमाथि सार्वजनिक खरिद अनुगमन कार्यालयको 'आर्थिक प्रस्ताव' खोल्नुभन्दा अगावै डकुमेन्ट (कागजात) परिवर्तन गरेको उजुरी परेको थियो। सोही निवेदनका आधारमा साइबर ब्युरो भोटाहिटीमा विद्युतीय कारोबार ऐन, २०६३ अन्तर्गत मुद्दा दर्ता भएको थियो।

सुरुमा साइबर अपराधको मुद्दा दर्ता भए पनि हाल संगठित अपराध निवारण ऐन, २०७० अन्तर्गतको कसुरमा पाण्डेमाथि थप अनुसन्धान भइरहेको प्रवक्ता श्रेष्ठले जानकारी दिए।